# विद्युत उत्पादन कम्पनी लिमिटेडको
# सातौं वार्षिक साधारण सभाको
# विवरण (माइन्यूट)

१. **वार्षिक साधारण सभाको प्रारम्भ :**

कम्पनी ऐन, २०६३ र कम्पनीको स्वीकृत प्रबन्धपत्र र नियमावली बमोजिम कम्पनीको सातौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री दिनेशकुमार घिमिरेज्यूको अध्यक्षतामा निम्न मिति, स्थान र समयमा बसी निम्न विषयहरु उपर छलफल तथा निर्णय गरी सम्पन्न गरियो ।

२. **सभाको मिति, स्थान र समय :**

मिति :- २०७९ साल पौष २२ गते शुक्रबार (तद्नुसार जनवरी ६, २०२३) ।
स्थान :- बिपिसी बिल्डिङ्ग, बुद्धनगर, काठमाण्डौं-१० ।
समय :- बेलुका ३:१५ बजे ।

३. **सभाको जानकारी**

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) र कम्पनीको नियमावलीको नियम १८ को उपनियम (३) बमोजिम कम्पनीको सातौं वार्षिक साधारण सभाको सूचना सम्पूर्ण शेयरधनीहरुको ठेगानामा पठाउनुका साथै मिति २०७९/०९/०१ को "गोरखापत्र" दैनिकमा सातौं वार्षिक साधारण सभा मिति २०७९/०९/२२ मा हुने स्थान, मिति, समय र छलफल हुने विषयहरुको सूचना सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

४. **छलफलका विषयहरु :**

(क) **साधारण प्रस्तावः**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने कम्पनीको आ.व.२०७८/७९ को वार्षिक प्रतिवेदन छलफल गरी पारीत गर्ने सम्बन्धमा ।

२. आ.व. २०७८/७९ को लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्त सम्मको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र ईक्विटीमा भएको परिर्वतन विवरणहरु (अनुसूची समेत) छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. कम्पनीको आ.व. २०७९/०८० को लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

४. कम्पनीका स्वतन्त्र सञ्चालकहरु (जलविद्युत विशेषज्ञ र वित्त विशेषज्ञ) को नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा ।

५. विविध ।

(ख) विशेष प्रस्तावः

६. कम्पनीको नियमावली, २०७३ संशोधन गर्ने सम्बन्धमा ।

५. उपस्थिति :

सभामा निम्न बमोजिम सञ्चालक, शेयरधनी, पदाधिकारी र आमन्त्रित महानुभावहरुको उपस्थिति रह्यो ।

५.१ सञ्चालक तथा शेयरधनीहरुको उपस्थिति :

सञ्चालक

| | | |
|---|---|---|
| १. | अध्यक्ष श्री दिनेशकुमार घिमिरे, सचिव, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | |
| २. | सञ्चालक श्री चिरञ्जीवी चटौत, सहसचिव, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | |
| ३. | सञ्चालक श्री ढुण्डी प्रसाद निरौला, सहसचिव, अर्थ मन्त्रालय | |
| ४. | सञ्चालक श्री कुलमान घिसिङ, कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण | |
| ५. | सञ्चालक श्री वीरेन्द्र पौडेल, का.मु. मुख्य प्रबन्धक, कर्मचारी सञ्चय कोष | |
| ६. | स्वतन्त्र सञ्चालक श्री कल्याण राज शर्मा, वित्त विशेषज्ञ, विद्युत उत्पादन कम्पनी लिमिटेड | |
| ७. | प्रबन्ध सञ्चालक श्री सूर्य प्रसाद रिजाल, विद्युत उत्पादन कम्पनी लिमिटेड | |
| ८. | कम्पनी सचिव श्री रवि प्रकाश के.सी., विद्युत उत्पादन कम्पनी लिमिटेड | |

५.२ शेयरधनीहरु :

| | | |
|---|---|---|
| १. | प्रतिनिधि, श्री इन्द्र प्रसाद बस्याल, उपसचिव, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | |
| २. | प्रतिनिधि, श्री राजाराम दाहाल, उपसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | |
| ३. | प्रतिनिधि, श्री अनमोल कुमार दाहाल, शाखा अधिकृत, अर्थ मन्त्रालय | |
| ४. | प्रतिनिधि, श्री खिमानन्द चौधरी, सह-निर्देशक, नेपाल विद्युत प्राधिकरण | |
| ५. | प्रतिनिधि, श्री शिव राज पौडल, प्रबन्धक, कर्मचारी सञ्चय कोष | |
| ६. | प्रतिनिधि, विष्णु प्रसाद पन्थ, उप प्रबन्धक, नेपाल दुरसंचार कम्पनी लिमिटेड | |
| ७. | प्रतिनिधि, श्री प्रदिप अधिकारी, सिनियर असिस्टेन्ट, नागरिक लगानी कोष | |
| ८. | प्रतिनिधि, श्री अरुण रजौरीया, नायब महाप्रबन्धक, हाइड्रोइलेक्ट्रीसिटी, इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड | |
| ९. | प्रतिनिधि, श्री आशिष राई, सहायक व्यवस्थापक, राष्ट्रिय बीमा संस्थान | |

५.३ आमन्त्रित एवं पदाधिकारीको उपस्थिति :

| | | |
|---|---|---|
| १. | श्री पुष्कर सापकोटा, सहसचिव, कानून, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | |
| २. | श्री प्रदिप कुमार थिके, उपकार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण | |
| ३. | सिए श्री नवराज थपलिया, लेखापरीक्षक, विद्युत उत्पादन कम्पनी लिमिटड | |
| ४. | श्री कविता शर्मा, लेखापरिक्षण समिति सदस्य | |
| ५. | | |
| ६. | | |
| ७. | | |

५.४ उपस्थिति :

| | | |
|---|---|---|
| १. | श्री हीरामान वाईबा, सिनियर हाईड्रोपावर इन्जिनियर विद्युत उत्पादन कम्पनी लिमिटेड | |
| २. | श्री सुर्य प्रसाद पाण्डेय, सिभिल/हाईड्रोपावर ईन्जिनियर, विद्युत उत्पादन कम्पनी लिमिटेड | |
| ३. | श्री भीमलाल श्रेष्ठ, वरिष्ट लेखा अधिकृत, विद्युत उत्पादन कम्पनी लिमिटेड | |
| ४. | श्री गोपाल कडेरीया, शाखा अधिकृत, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | |
| ५. | श्री हेमराज चापागाई, शाखा अधिकृत, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | |
| ६. | | |
| ७. | | |
| ८. | | |

६. सभाको वैधानिकता

आजको सभा कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) र कम्पनीको स्वीकृत नियमावलीको नियम २३ बमोजिम सातौं वार्षिक साधारण सभामा जम्मा शेयरधनी संख्या ९ रहेको र कुल शेयरको शत प्रतिशत उपस्थिति भएको हुनाले कम्पनी सचिव श्री रवि प्रकाश के.सी.ले साधारण सभाको गणपूरक संख्या पुगी सभा वैधानिक भएको जानकारी दिनु हुंदै साधारण सभा शुरु गर्न अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो । तत्पश्चात कम्पनीका अध्यक्षज्यूले विधिवत् सातौं वार्षिक साधारण सभा शुरु भएको घोषणा गर्नु भयो ।

७. सातौं वार्षिक साधारण सभाका निर्णयहरु :

७.१ सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने कम्पनीको आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

कम्पनीको सातौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट समितिका अध्यक्ष श्री दिनेशकुमार घिमिरेले कम्पनीको आर्थिक वर्ष २०७८/७९ को प्रगति विवरण समाबिष्ट भएको सञ्चालक समितिको संलग्न प्रतिवेदन प्रस्तुत गर्नु भयो र सो प्रतिवेदन पारित गरियोस् भनी राख्नु भएको प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

७.२ आ.व. २०७८/७९ को लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ साल आषाढ मसान्तको वासलात र नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण इक्विटीमा भएको परिवर्तन विवरण (अनुसूची समेत) छलफल गरी पारित गर्ने ।

कम्पनीको आ.व. २०७८/७९ को लेखापरीक्षण गर्न महालेखापरीक्षकको कार्यालयबाट सिफारिस भएका तथा कम्पनीको छैठौं वार्षिक साधारण सभाबाट नियुक्त हुंनु भएका चार्टड एकाउन्टेन्ट श्री नवराज थपलियाबाट प्राप्त भएको लेखापरीक्षण प्रतिवेदन सहित २०७९ साल आषाढ मसान्तको वासलात र नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र इक्विटीमा भएको परिवर्तन विवरण प्रस्तुत गरियो र सो प्रतिवेदन पारित गरियोस भनी राख्नु भएको प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

७.३ कम्पनीको आ.व. २०७९/०८० को लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

कम्पनीको आ.व. २०७९/८० को आय व्यय तथा हिसाव किताबको लेखापरीक्षण गर्न लेखापरीक्षण ऐन, २०४८ को दफा ७ बमोजिम महालेखापरीक्षकको कार्यालयवाट परामर्श तथा सञ्चालक समितिको मिति २०७९/०९/१७ को १२२ औं बैठकको सिफारिस बमोजिम आ.व. २०७९/८० को लेखापरीक्षण गर्न चार्टड एकाउन्टेन्ट श्री नवराज थपलियालाई नियुक्ती गरी निजको पारिश्रमिक मु.अ. कर बाहेक रु.२,२०,०००।०० (अक्षरुपी दुई लाख बीस हजार मात्र) दिने गरी नियुक्ति गर्न सर्वसम्मतिबाट पारित गरियो ।

४. कम्पनीका स्वतन्त्र सञ्चालकहरु (जलविद्युत विशेषज्ञ र वित्त विशेषज्ञ) नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा ।

कम्पनीको सञ्चालक समितिको मिति २०७८/१२/१० को १०८ औं बैठकको निर्णयानुसार बढीमा ४ वर्षका लागि नियुक्त हुनु भएका स्वतन्त्र सञ्चालकहरु श्री कल्याण राज शर्मा (वित्त विशेषज्ञ) र श्री सुर्य प्रसाद रिजाल (जलविद्युत विशेषज्ञ) को नियुक्ति अनुमोदनको लागि साधारण सभा समक्ष पेश भएको प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

७.४ विशेष प्रस्ताव :

(क) विद्युत उत्पादन कम्पनी लिमिटेडको नियमावली, २०७३ संशोधनको प्रस्ताव ।

कम्पनीको नियमावली, २०७३ तेस्रो संशोधन गर्ने विशेष प्रस्ताव उपर साधारण सभामा छलफल भयो । संशोधनको लागि प्रस्तावित संलग्न बमोजिमको विद्युत उत्पादन कम्पनी लिमिटेडको नियमावली, २०७३ (दोस्रो संशोधन २०७८) लाई संशोधन गर्न विशेष प्रस्तावको रुपमा सर्वसम्मतिबाट पारित गरियो र सो संशोधनको अभिलेख गर्न कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउने समेत निर्णय गरियो । साथै, कम्पनीको आ.व.

२०७८/७९ को साधारण सभाको माईन्युट कम्पनी रजिष्ट्रारको कार्यालय र सम्बन्धित निकायबाट स्वीकृत लिने वा अभिलेख गर्ने क्रममा कुनै थपघट वा हेरफेर गर्नुपर्ने भएमा आवश्यक कार्य गर्न सक्ने अधिकार सञ्चालक समितिलाई प्रत्यायोजन गरियो ।

८. सभा विसर्जन

अन्त्यमा धन्यवाद ज्ञापन पश्चात अध्यक्ष श्री दिनेशकुमार घिमिरेले कम्पनीको सातौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

अध्यक्ष

कम्पनी सचिव

विद्युत उत्पादन कम्पनी लिमिटेडको नियमावली, २०७३ (तेस्रो संशोधन २०७९ सहित) को संशोधन प्रस्ताव:

| सि. न. | साबिकको व्यवस्था : | संशोधित तथा थप व्यवस्था : | संशोधन गर्नुपर्ने कारण: |
|---|---|---|---|
| १. | नियम ३५ उपनियम (१): यो नियमावली संशोधन भएको पहिलो पटकको हकमा नियम ३६ को उपनियम ७ (क) बमोजिम प्रमुख कार्यकारी अधिकृत नियुक्त नभए सम्म समितिले नियम २९ बमोजिम नियुक्त हुने स्वतन्त्र सञ्चालक (जलविद्युत विशेषज्ञ) लाई कम्पनीको प्रवन्ध सञ्चालकको रुपमा यो नियमावली संशोधन भएको मितिबाट बढिमा एक वर्षको लागि नियुक्त गर्न सक्ने छ । कुनै कारणबस सो अवधि भित्र पनि प्रमुख कार्यकारी अधिकृत नियुक्त हुन नसकेमा नियम ३६ को उपनियम ७ (ख) बमोजिम कम्पनीको वरिष्ठ कर्मचारीले निमित्त प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्य गर्ने छ । | नियम ३५ उपनियम (१): नियम ३५ (१) को ठाउँ ठाउँमा रहेका "संशोधन" भन्ने शब्दको सट्टा "(दोस्रो संशोधन)" भन्ने शब्दहरु राखिएको छ । सोही उपनियममा रहेको "कुनै कारणवस सो अवधि भित्र पनि प्रमुख कार्यकारी अधिकृत नियुक्त हुन नसकेमा नियम ३६ को उपनियम ७ (ख) बमोजिम कम्पनीको वरिष्ठ कर्मचारीले निमित्त प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्य गर्ने छ ।" भन्ने वाक्य हटाई सो स्थानमा "कुनै कारणबस नियम ३६ (१) बमोजिमको अवधि भित्र प्रमुख कार्यकारी अधिकृत नियुक्त हुन नसकेमा समितिले प्रबन्ध सञ्चालकको अवधि बढीमा एक वर्ष सम्म थप गर्न सक्ने छ ।" भन्ने वाक्य थप गरिएको छ । | खुला प्रतिस्पर्धाबाट प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्ने सम्बन्धी कार्यविधि स्वीकृत भई पदपूर्ति गर्न समय लाग्ने भएकोले । |
| २. | नियम ३६ उपनियम (१): समितिले यो नियमावली संशोधन भएको मितिले १ वर्ष भित्र ऐन, कम्पनी प्रवन्धपत्र र नियमावलीको अधिनमा रही खुला प्रतिष्पर्धाबाट प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्नेछ । समितिले प्रमुख कार्यकारी अधिकृतको लागि एक कार्यविधि तर्जुमा गरी लागु गर्नेछ । सोही कार्यविधि वमोजिम छनोट भएको व्यक्तिलाई समितिले कम्पनीको प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्नु पर्ने छ । | नियम ३६ उपनियम (१): नियम ३६ (१) मा रहेको "संशोधन" भन्ने शब्दको सट्टा "(दोस्रो संशोधन)" भन्ने शब्दहरु राखिएको छ । सोही उपनियममा रहेको "…….प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्नेछ ।" भन्ने वाक्य पछि "कुनै कारणवश सो अवधिभित्र प्रमुख कार्यकारी अधिकृत नियुक्ति हुन नसकेमा समितिले प्रमुख कार्यकारी अधिकृत नियुक्ति गर्ने अवधि बढीमा एक वर्ष थप गर्न सक्नेछ ।" भन्ने वाक्य थप गरी मिलाईएको छ । | खुला प्रतिस्पर्धाबाट प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्ने सम्बन्धी कार्यविधि स्वीकृत भई पदपूर्ति गर्न समय लाग्ने भएकोले । |

# विद्युत उत्पादन कम्पनी लिमिटेड
(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित)

विद्युत उत्पादन कम्पनी लिमिटेडको सातौं वार्षिक साधारण सभामा सञ्चालक समितिको अध्यक्ष श्री दिनेशकुमार घिमिरेद्वारा प्रस्तुत कम्पनीको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन:

**आदरणीय शेयरधनी महानुभावहरु,**

विद्युत उत्पादन कम्पनी लिमिटेडको सातौं वार्षिक साधारणसभामा संस्थागत प्रतिनिधित्व गरी उपस्थित हुनु भएका शेयरधनी महानुभावहरु, सञ्चालक समितिका सदस्यहरु, लेखापरीक्षण समितिका अध्यक्ष तथा सदस्यहरु, लेखापरीक्षक तथा आन्तरिक लेखापरीक्षकहरु, आमन्त्रित व्यक्तित्वहरु र यस सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई कम्पनीको सञ्चालक समिति तथा मेरो तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

यस गरिमामय सभामा कम्पनी सञ्चालक समिति अध्यक्षको हैसियतले कम्पनीको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १. कम्पनीको संस्थागत पृष्ठभूमि :

नेपाल सरकारको "समृद्ध नेपाल, सुखी नेपाली" को नारालाई साकार पार्न उज्यालो नेपाल अभियान मार्फत राज्यलाई आत्मनिर्भर, समुन्नत र समृद्ध बनाउन विकासको मेरुदण्डको रुपमा रहेको विद्युत क्षेत्रलाई प्रभावकारी तरिकाले विकास गरी मुलुकको विद्युत विकासमा टेवा पुऱ्याउन तथा जलविद्युत उत्पादनमा नेतृत्वदायी भूमिका स्थापित गर्न यस कम्पनीको स्थापना भएको कुरा सबैमा विदितै छ । जलविद्युतको प्रचुर सम्भावना भएको राष्ट्रको नाताले नेपालको विकास र समृद्धिको आधार भन्ने वित्तिकै जलविद्युतलाई नै मुख्य विन्दुमा राखेर हेर्ने गरिन्छ । उपयुक्त जलविद्युत आयोजनाहरुको पहिचान गरी प्रचलित कानूनबमोजिम अनुमति पत्र प्राप्त गरी सर्वेक्षण, निर्माण, सञ्चालन र व्यवस्थापन गर्ने उद्देश्यको साथ संस्थागत अवधारणा अनुरुप जलविद्युत आयोजनाहरु विकास गर्न कम्पनी ऐन, २०६३ बमोजिम यस कम्पनीको स्थापना २०७३ मंसिर ५ मा भएको व्यहोरा स्मरण गराउन चाहन्छु ।

## २. आर्थिक वर्ष २०७८/७९ को कारोवारको सिहांवलोकन :

नेपालमा भएका स-साना लगानीकर्ता देखि संस्थागत लगानीकर्ताहरु, बैंक तथा वित्तीय संस्थाहरु, अन्तर्राष्ट्रिय बैंकको साथै बहुपक्षीय विकास बैंकहरु यस कम्पनीमा आकर्षित गर्न सकेमा मात्रै भविष्यका लागि आवश्यक विद्युत उत्पादन हुनसक्छ र देश आर्थिक रुपमा

समुन्नत हुन्छ । साथै, हिमाल, पहाड, तराई-मधेशका हरेक नेपाली जनतालाई जलविद्युतमा लगानीको अवसर प्रदान गर्दै आर्थिक समृद्धि मार्फत राष्ट्रिय एकता सुदृढ गर्न "नेपालको पानी, जनताको लगानी" भन्ने अभियानका साथ मुलुकमा रहेको अपार जलश्रोतबाट स्वदेशी वित्तीय स्रोत र जनताको लगानीका साथमा विदेशी लगानी समेत आकर्षण गरी, विद्युत उत्पादन गर्ने सरकारको लक्ष्यलाई साकार पार्न यस कम्पनीले विभिन्न जलविद्युत आयोजनाहरु (फुकोट कर्णाली अर्ध जलाशययुक्त जलविद्युत आयोजना ४८० मे.वा., किमाथांका अरुण जलविद्युत आयोजना ४५४ मे.वा. र मुगु कर्णाली जलाशययुक्त जलविद्युत आयोजना १९०२ मे.वा.) को सर्वेक्षण अनुमति पत्र प्राप्त भई केही जलविद्युत आयोजनाहरुको विस्तृत सम्भाव्यता अध्ययन कार्य अन्तिम चरणमा पुगेको छ भने मुगु कर्णाली जलाशययुक्त जलविद्युत आयोजनाको विस्तृत सम्भाव्यता अध्ययनको चरणमा रहेको छ ।

अनुमति प्राप्त आयोजनाहरु मध्ये २ वटा जलविद्युत आयोजनाहरु क्रमश: नलगाड जलाशययुक्त जलविद्युत आयोजना र जगदुल्ला अर्धजलाशययुक्त जलविद्युत आयोजना यस कम्पनी लिमिटेडका सहायक कम्पनी नलगाड हाईड्रोपावर कम्पनी लिमिटेड र जगदुल्ला हाईड्रोपावर कम्पनी लिमिटेड मार्फत अगाडि बढाईएको छ साथै जगदुल्ला हाईड्रोपावर कम्पनी लिमिटेडले जगदुल्ला अर्ध जलाशययुक्त जलविद्युत आयोजनाको तल्लो तटिय क्षेत्रमा जगदुल्ला ए (८२.३ मे.वा.) क्षमताको अर्को जलविद्युत आयोजनाको सर्वेक्षण अनुमति पत्र प्राप्त गरी सम्भाव्यता अध्ययन अगाडि बढाइएको छ । हालसम्म यस कम्पनीले देहाय बमोजिमका कम्पनीहरुमा लगानी गरेको छ ।

## ३. कम्पनीको लगानीको अवस्था :

| सि.नं. | कम्पनीको नाम | लगानी रकम रु. |
|---|---|---|
| १. | जगदुल्ला हाईड्रोपावर कम्पनी लिमिटेड | ५८,००,००,०००।- |
| २. | नलगाड हाईड्रोपावर कम्पनी लिमिटेड | १,००,००,०००।- |
| ३. | एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेड | २,५५,००,०००।- |
| ४. | वेतन कर्णाली सञ्चयकर्ता हाईड्रोपावर कम्पनी लिमिटेड | २५,००,००,०००।- |
| ५. | नेपाल पावर ट्रेड कम्पनी लिमिटेड | २५,५०,०००।- |

आ.व. २०७९/८० सम्म कम्पनीले अनुमति प्राप्त गरेको आयोजनाहरुको कार्य प्रगति उत्साहजनक रेहेको व्यहोरा जानकारी गराउदछौं । यस आर्थिक वर्षको वित्तीय उपलब्धीहरुको अवस्था निम्न बमोजिम रहेको छ ।

## ४. मुख्य वित्तीय सूचाङ्क :

### ४.१ यस कम्पनीको मुख्य वित्तीय सूचाङ्क विवरण देहाय अनुसार रहेको छ :

| क.सं. | विवरण | आ.व. २०७८/७९ | आ.व. २०७७/७८ | वृद्धि/कमी | |
|---|---|---|---|---|---|
| | | | | | प्रतिशत |
| १. | शेयर पूँजी तथा जगेडा कोष | ४,८१,७८,३९,०१७ | ४,४६,५७,४१,७२६ | ३५,२०,९७,२९२ | ८% |
| २. | जम्मा दायित्व | ८,२३,८२,८०७ | २,५४,६३,१२० | ५,६९,१९,६८७ | २२४% |
| ३. | सम्पत्ती तथा जायजेथा | ४०,३३,७०,९७९ | १५,९१,७०,८२४ | २४,४२,००,१५५ | १५३% |
| ४. | कार्य प्रगतिमा रहेको सम्पत्ती | ३३,९२,९५,७७१ | १०,०६,३७,५५५ | २३,८६,५८,२१६ | २३७% |
| ५. | शेयरमा लगानी | ८६५१५०३८६ | ६८,२४,८९,६८१ | १८,२६,६०,७०५ | २७% |
| ६. | जम्मा चालु सम्पत्ती | ४२,१६,०९,७७२ | १३,५४,८२,०१५ | २८,६१,२७,७५७ | २११% |
| ७. | बैंक तथा नगद मौज्दात | २,८७,०७,९४,९१६ | ३,४१,३४,२४,७७१ | (५४,२६,२९,८५४) | (१६)% |
| ८. | कूल अन्य आम्दानी | २३,७०,०४,५८५ | २२,१७,५९,१३७ | १,५२,४५,४४८ | ७% |
| ९. | कुल खर्च | ९,३६,६९,५७९ | १,१,०९,२१,५०१ | १,७२,५१,९२२ | (१६)% |
| १०. | आय कर व्यवस्था | ३,५३,२०,४३० | ३,४५,९३,४८४ | ७,२६,९४६ | २% |
| ११. | सञ्चालन नाफा (घाटा) (कर अघि) | १०,८०,१४,५७५ | ७,६२,४४,१५१ | ३,१७,७०,४२४ | ४२% |
| १२. | प्रति शेयर आम्दानी (रुपैंयामा) | २.६६ | १.८८ | | |

### ४.२ कम्पनीको शेयर संरचना :

विद्युत उत्पादन कम्पनी लिमिटेडको पूँजीको संरचना देहाय बमोजिम रहेको छ :–

१. कम्पनीको अधिकृत पूँजी रु.२०,००,००,००,०००।-(अक्षरेपी बीस अर्ब रुपैयाँ मात्र) । सो पूँजीलाई रु.१००।- का दरले २० करोड थान साधारण शेयरमा विभाजन गरिएको छ ।

२. कम्पनीको तत्काल जारी पूँजी रु. १०,००,००,००,०००।-( अक्षरेपी दश अर्ब रुपैयाँ मात्र) रहेको छ । सो पूँजीलाई रु.१००।- का दरले १० करोड थान साधारण शेयरमा विभाजन गरिएको छ ।

३. कम्पनीको कुल जारी पूँजी मध्ये रु.४,०५,५८,००,०००।- ( अक्षरेपी चार अर्ब पाँच करोड अन्ठाउन्न लाख रुपैयाँ मात्र) २०७९ असार मसान्त सम्म चुक्ता भएको छ ।

संस्थागत शेयरधनीहरुलाई समुह "क" र "ख" मा वर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ७१ प्रतिशत हुनेछ भने सर्वसाधारणको लागि समुह "ग" अर्न्तगत राखिएको छ, जुन शेयर स्वामित्वको २९ प्रतिशत हुन आउँछ ।

**समुह "क" अन्तर्गत :**

(क) नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, २० प्रतिशत,
(ख) नेपाल सरकार, अर्थ मन्त्रालय, ५ प्रतिशत र
(ग) नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, ५ प्रतिशत ।

**समुह "ख" अन्तर्गत :**

(क) नेपाल विद्युत प्राधिकरण, १० प्रतिशत,
(ख) कर्मचारी सञ्चय कोष, १० प्रतिशत,
(ग) नागरिक लगानी कोष, ५ प्रतिशत,
(घ) हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड, ४ प्रतिशत,
(ङ) नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, १० प्रतिशत र
(च) राष्ट्रिय बीमा संस्थान, २ प्रतिशत ।

**समुह "ग" अन्तर्गत :**

(क) सर्वसाधारण नागरिक, १७ प्रतिशत,
(ख) आयोजना प्रभावित जिल्लाका स्थानीय बासिन्दा, १० प्रतिशत र
(ग) अति विपन्न परिवार, २ प्रतिशत ।

## ५. कम्पनीका आयोजनाहरुको हाल सम्मको प्रगति अवस्था :

### ५.१ फुकोट कर्णाली अर्ध जलाशययुक्त जलविद्युत आयोजना (४८० मे.वा.)

यो आयोजना कर्णाली प्रदेश, कालिकोट जिल्लाको रास्कोट नगरपालिका, सान्नी त्रिबेणी गाउँपालिका, खाँडाचक नगरपालिका र पतालभ्करना गाउँपालिकामा रहेको छ। कर्णाली नदीमा निर्माण हुने यो आयोजनाबाट औषत वार्षिक २४४.८ करोड युनिट विद्युत उत्पादन हुनेछ । आयोजनाबाट उत्पादित विद्युत ४०० के.भी. डबल सर्किट प्रसारणलाइन मार्फत नेपालको राष्ट्रिय प्रसारण प्रणालीमा जोडिनेछ ।

## ५.१.१ आयोजनाको कार्यान्वयनको अवस्था र हालसम्मको प्रगती :

**विस्तृत सम्भाव्यता/इन्जिनियरिङ्ग अध्ययन:**

- विस्तृत सम्भाव्यता/इन्जिनियरिंङ्ग अध्ययन प्रतिवेदन प्राप्त ।
- जलप्रवाह तथा सेडीमेन्ट मापन कार्यको निरन्तरताको लागि परामर्शदाता छनोट गरी सम्झौता सम्पन्न ।

**विस्तृत इन्जिनियरिङ्ग डिजाइन भेरिफिकेसन:**

- विद्युतगृह तथा बाँधस्थलमा ६१० मी. टेस्ट अडीट टनेल निर्माण सम्पन्न ।
- रक मेकानिकल टेस्टको लागि EOI आव्ह्वान भैसकेको ।
- Physical Modelling को प्रारम्भिक प्रतिवेदन प्राप्त भै मोडल बनाउने कार्य अन्तिम चरणमा रहेको ।

**वातावरणीय अध्ययन:**

- वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिका लागि विद्युत विकास विभागमा पेश भएको छ ।

**वित्त व्यवस्थापन:**

- विदेशी लगानीकर्ताहरुबाट लगानी तथा निर्माणको लागि आशय पेश भई छलफलको क्रममा रहेको तथा स्वदेशी लगानी व्यवस्थापनको लागि सहजीकरण गर्ने सम्बन्धमा HIDCL सँग MOU भएको ।

**जग्गा प्राप्ती :**

- डुबान क्षेत्रमा पर्ने करिब ८२२ रोपनी जग्गा प्राप्त भईसकको ।
- निर्माण स्थल तथा मक डिस्पोजल, अडिट सडकको लागि थप १५० रोपनी जग्गा अधिग्रहणको लागि लगत सहितको सूचना प्रकाशित ।
- घर टहराको क्षतिपुर्ति निर्धारणको प्रक्रिया अन्तिम चरणमा रहेको ।

**अनुमतिपत्र तथा सम्झौता :**

- आयोजनाको उत्पादन अनुमतिपत्र प्राप्त गर्न विद्युत विकास विभागमा आवेदन दिईसकेको ।

- नेपाल विद्युत प्राधिकरण सँग विद्युत खरिद बिक्रि सम्झौता (PPA) को आवेदन पेश गरी इनर्जी लकको चरणमा रहेको

**निर्माण सम्बन्धी कार्यहरु :**

- पहुँचमार्ग र कर्मचारी आवास गृह तथा कार्यालय भवन निर्माण कार्य अन्तिम चरणमा रहेको ।

## ५.२ किमाथांका अरुण जलविद्युत आयोजना (४५० मे.वा.) :

यो आयोजना प्रदेश नम्बर १ संखुवासभा जिल्लाको भोटखोला गाँउपालिका वडा न. २ मा अवस्थित रहेको छ । अरुण नदीमा निर्माण हुने यस आयोजनाबाट औसत वार्षिक २५५.११ करोड युनिट विद्युत उत्पादन हुनेछ । आयोजनाबाट उत्पादित विद्युत ४०० के.भी डबल सर्किट प्रसारणलाइन मार्फत नेपालको राष्ट्रिय प्रसारण प्रणालीमा जोडिने छ ।

### ५.२.१ आयोजनाको कार्यान्वयनको अवस्था र हालसम्मको प्रगति :

**विस्तृत सम्भाव्यता/इन्जिनियरिङ्ग अध्ययन:**

- विस्तृत सम्भाव्यता/इन्जिनियरिंङ्ग अध्ययन प्रतिवेदन प्राप्त ।
- जलप्रवाह तथा सेडीमेन्ट मापन कार्यको निरन्तरताको लागि परामर्शदाता छनोट गरी सम्झौता सम्पन्न ।

**विस्तृत इन्जिनियरिङ्ग डिजाइन भेरीफिकेसन :**

- विद्युतगृह स्थलमा १२५ मी. टेस्ट अडीट टनेल निर्माण सम्पन्न ।
- Physical Modelling को प्रारम्भिक प्रतिवेदन प्राप्तीको चरणमा रहेको ।

**वातावरणीय अध्ययन:**

- वातावरणीय अध्ययन प्रतिवेदन तयारीको लागि अन्तिम चरणमा रहेको ।

**वित्त व्यवस्थापन :**

लगानीकर्ताहरुबाट लगानी तथा निर्माणको लागि छलफलको क्रममा रहेको ।

**जग्गा प्राप्ती :**

- विद्युतगृह र बाँध स्थल क्षेत्रमा आवास गृह तथा कार्यालय भवन निर्माण गर्न २८५.५ रोपनी जग्गा प्राप्त भैसकेको ।

- पहुँच मार्ग तथा डुबान क्षेत्रमा पर्ने थप १०० रोपनी जग्गा अधिग्रहणको लागि प्रारम्भिक अधिकृत नियुक्त भई प्रक्रिया अगाडी बढेको ।

**अनुमति पत्र तथा सम्झौता:**

आयोजनाको उत्पादन अनुमतिपत्र प्राप्त गर्न विद्युत विकास विभागमा आवेदन दिएको ।

**निर्माण सम्बन्धी कार्यहरु:**

- विद्युतगृह स्थलमा आवास गृह तथा कार्यालय भवन निर्माणको लागी प्राप्त गरिएको जग्गामा तारबार लगाउने ठेक्का सम्झौता सम्पन्न भै कार्य अगाडी बढेको ।

## ५.३ मुगु कर्णाली जलाशययुक्त जलविद्युत आयोजना (१९०२ मे.वा.) :

यो आयोजना कर्णाली प्रदेशको कालिकोट, मुगु, हुम्ला र जुम्ला जिल्लाहरुमा तथा सुदूरपश्चिम प्रदेशको बाजुरा जिल्लामा रहेको छ। कर्णाली नदीमा निर्माण हुने यो जलाशययुक्त जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययनको लागि मिति २०७५ फाल्गुन १ मा NEA Engineering Company Limited (NEC) सँग सम्झौता भई हालसम्म पूर्वसम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त भएर सम्भाव्यता अध्ययनको अन्तिम चरणमा रहेको छ।

### ५.३.१ आयोजनाको कार्यान्वयनको अवस्था र हालसम्मको प्रगती :

**सम्भाव्यता अध्ययन :**

- पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त ।
- सम्भाव्यता अध्ययनको अन्तिम चरणमा रहेको ।
- जलप्रवाह तथा सेडीमेन्ट मापन कार्यको निरन्तरताको लागि परामर्शदाता NEC सँग सम्झौता सम्पन्न ।

**वातावरणीय अध्ययन:**

- प्रारम्भिक अध्ययन प्रतिवेदन प्राप्त भैसकेको,
- क्षेत्र निर्धारण तथा कार्य सूचीको लागि प्रभावित क्षेत्रहरुमा तथ्यांक संकलनको क्रममा रहेको ।

**जग्गा प्राप्ती :**

- आवासगृह तथा कार्यालय भवन निर्माण गर्न आवश्यक पर्ने जग्गा प्राप्ती गर्न प्रारम्भिक अधिकृत नियुक्तिको प्रक्रियामा रहेको छ ।

**अनुमतिपत्र तथा सम्झौता :**

- आयोजनाको लागि आवश्यक ४०० के.भी. विद्युत प्रसारण लाइन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्र प्राप्त भएको ।

## ६. कम्पनीको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालन भएका जलविद्युत कम्पनीहरु अन्तर्गतका आयोजनाहरुको प्रगति अवस्था :

### ६.१ जगदुल्ला हाईड्रोपावर कम्पनी लिमिटेड

#### ६.१.१. जगदुल्ला अर्ध जलाशययुक्त जलविद्युत आयोजना (१०६ मे.वा.):

विद्युत उत्पादन कम्पनी लिमिटेडको सहायक कम्पनी जगदुल्ला हाईड्रोपावरकम्पनी लिमिटेड अन्तर्गत रहेको यो आयोजना कर्णाली प्रदेश, डोल्पा जिल्लाको मुड्केचुला र जगदुल्ला गाँउपालिकामा अवस्थित छ । जगदुल्ला नदिमा निर्माण हुने यो आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन सकिएर वातावरण प्रभाव मूल्यांकन (EIA) अध्ययनको चरणमा रहेको छ ।

#### ६.१.२ जगदुल्ला-ए जलविद्युत आयोजना (८२.३ मे.वा.):

जगदुल्ला हाईड्रोपावर कम्पनी लिमिटेडद्धारा प्रर्वद्धित यस आयोजनाको विस्तृत इन्जिनियरिंङ अध्ययनका लागि मिति २०७७/०८/३० मा परामर्शदाता NEA Engineering Company Limited (NEC) सँग परामर्श सेवा सम्झौता सम्पन्न भई अध्ययनको क्रममा रहेको छ ।

### ६.२ नलगाड जलाशययुक्त जलविद्युत आयोजना (४१७ मे.वा.):

विद्युत उत्पादन कम्पनी लिमिटेडको सहायक कम्पनी नलगाड हाईड्रोपावर कम्पनी लिमिटेडद्वारा प्रर्वद्धित यो आयोजना कर्णाली प्रदेश, जाजरकोट जिल्लाको बारेकोट गाँउपालिका तथा नलगाड नगरपालिकामा रहेको छ । सन २०१२ मा नेपाल विद्युत प्राधिकरणबाट यस आयोजनाको सम्भाव्यता अध्ययन सम्पन्न भई उक्त अध्ययनलाई अद्यावधिक गर्न विस्तृत इन्जिनियरिंग अध्ययन तथा वातावरण प्रभाव मूल्यांकन (EIA) अध्ययनको लागि अन्तराष्ट्रिय परामर्शदाता SMEC–MWH J/V In association with Udaya Consultancy Nepal सँग मे ५, २०१६ मा सम्झौता भई अध्ययन अन्तिम चरणमा रहेको छ ।

## ७. कम्पनीको आंशिक लगानी भएका अन्य कम्पनीहरु अन्तर्गतका आयोजनाहरुको प्रगती अवस्था :

### ७.१ बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनी लिमिटेड (४४२ मे.वा.):

कर्मचारी सञ्चय कोषमा रकम जम्मा गर्ने करिब ६ लाख सञ्चयकर्ताको सञ्चित रकमबाट जलविद्युत क्षेत्रको विकासमा सञ्चयकर्तालाई सहभागी गराउने उद्दश्यले २०७४ साल बैशाख २४ गते स्थापना भएको यस कम्पनीमा विद्युत उत्पादन कम्पनी लिमिटेडको १० प्रतिशत शेयर स्वामित्व रहेको छ। यस कम्पनीले बेतन कर्णाली अर्धजलाशययुक्त जलविद्युत आयोजना (४४२ मे.वा.) को विस्तृत आयोजना प्रतिवेदन (Detail Project Report) प्राप्त गर्नुका साथै वातावरण प्रभाव मूल्यांकन (EIA) अध्ययनको लागि वन तथा वातावरण मन्त्रालयबाट कार्यसूची तथा क्षेत्र निर्धारण (TOR & Scoping) प्रतिवेदन स्वीकृत भई सकेको छ।

### ७.२. एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेड :

यस कम्पनीले हाल सम्पादन गरिरहेका विभिन्न जलविद्युत तथा प्रसारण लाइन आयोजनाहरुको विस्तृत अध्ययन तथा अनुसन्धान, स्थलगत अन्वेषण, वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कार्यहरु गरिरहेको छ । कम्पनीले हालसम्म करीव १५०० मेगावाट क्षमताका जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन तथा विस्तृत इन्जिनियरिङ्ग डिजाइन र टेण्डर डकुमेन्ट तयार पार्ने कार्य सम्पन्न गरेको छ।

त्यसैगरी विभिन्न Transmission Line आयोजनाहरुको अध्ययन डिजाइन तथा सुपरीवेक्षणका कार्यहरु, जलविद्युत तथा Transmission Line आयोजनाहरुको वातावरणीय प्रभाव अध्ययन तथा मूल्याङ्कन सम्बन्धी कार्यहरु, सोलार आयोजनाहरुको निर्माण सुपरीवेक्षण कार्य तथा विद्युत गृह क्षमता बृद्धि र मर्मत संभार सम्बन्धी कार्यको सुपरीवेक्षण गर्ने कार्यहरु भइरहेका छन् । कम्पनीले आयोजनाका प्रवर्द्धक संस्था तथा कम्पनीहरुसँग छलफल गरी निर्माणको चरणमा रहेका जलविद्युत आयोजनाहरुको निर्माण सुपरीवेक्षण कार्यमा पनि सहभागी भई आफ्नो दक्षता र क्षमतामा अभिवृद्धि गर्ने तर्फ प्रकिया अगाडि बढाएको छ।

आ.व. २०७८/०७९ मा यस कम्पनीबाट स्वपुँजी लगानीमा १५ प्रतिशत वोनश शेयर वितरण गरेको छ।

## ८. कम्पनीको व्यवस्थापन तथा आयोजना खर्च :

### ८.१ कम्पनीका आयोजनाहरुमा भएको हाल सम्मको खर्च :

यस कम्पनी अन्तर्गत माथि उल्लिखित जलविद्युत आयोजनाहरु अध्ययनको चरणमा रहेकाले आर्थिक वर्ष २०७८/७९ सम्म कम्पनीको उद्देश्य अनुसारको विद्युत उत्पादन नभई सकेको कारणले ती आयोजनाहरुबाट आय आर्जन शुरु भएको छैन। तर, २०७९ आषाढ मसान्तभित्र कम्पनीलाई बैंकको कुल मौज्दातमा प्राप्त ब्याज र अन्य शीर्षकहरुबाट गरी

रु.२३,७०,०४,५८५। (अक्षरेपी तेईस करोड सत्तरी लाख चार हजार पाँच सय पचासी रुपैयाँ) आम्दानी प्राप्त भएको छ । सोही अवधिमा कम्पनीको सञ्चालन खर्च रु.९,३२,७०,६२४।९५ (अक्षरेपी नौ करोड बत्तीस लाख सहत्तर हजार छ सय चौबीस रुपैयाँ) भएको छ ।

## ८.२ कम्पनीको व्यवस्थापन खर्चको विवरण :

कम्पनीको आर्थिक वर्ष २०७८/७९ मा भएको कूल व्यवस्थापन खर्च निम्न बमोजिम रहेको छ :

| | |
|---|---|
| कर्मचारी खर्च | रु.१,४८,०९,४०६।९४ |
| कार्यालय सञ्चालन खर्च | रु.२,४५,३५,६७७। |
| विभिन्न आयोजनाको सर्वेक्षण अध्ययन खर्च | रु.५,३९,२५,५४१। |
| **जम्मा** | **रु.९,३२,७०,६२४।९४** |

## ८.३ सञ्चालक अन्य समिति, उपसमिति तथा पदाधिकारीहरुको आ.व.२०७८/७९ को पारिश्रमिक तथा भत्ता :

आ.व.२०७८/७९ मा देहाय बमोजिमको पारिश्रमिक तथा सुविधा उपलब्ध गराईएको थियो :

(क) सञ्चालक समितिको बैठकमा उपस्थित सञ्चालक, कम्पनी सचिव तथा आमन्त्रितहरुलाई प्रति बैठक भत्ता रु. ७,०००।- र सहयोगीको लागि उपस्थित कर्मचारीहरुलाई तह अनुसार (कार्यालय समय भन्दा अघि वा पछि) प्रति बैठक भत्ता रु. १०००।- रु.७००।- र रु. ५००।- का दरले दिने गरिएको छ ।

(ख) अन्य समिति तथा उपसमितिको बैठक भत्ता: सञ्चालक संयोजक तथा अध्यक्ष रहेको उपसमितिमा सबै सदस्यहरुलाई (आमन्त्रितको लागि) प्रति बैठक भत्ता रु. ७०००।– दिने गरिएको छ भने उक्त बैठकहरुमा सहयोगीका लागि उपस्थित कर्मचारीहरुलाई सञ्चालक समितिमा भएको सहयोगी सरह नै भत्ता प्रदान गर्ने गरिएको छ ।

(ग) कम्पनी सचिवलाई कम्पनीको तह ८ सरहको मासिक पारिश्रमिक तथा सेवा सुविधा प्रदान गरिएको छ ।

(घ) सञ्चालकहरुको भ्रमण भत्ता: रु.७०००।- प्रति दिन

(ङ) प्रवन्ध सञ्चालकको पारिश्रमिक (तीन महिना) को : रु.७,३१,८००।-

**(क) सञ्चालक समिति :**

सञ्चालक समिति तथा सञ्चालक सम्मिलित अन्य उप समितिहरुमा कूल रु.२९,२५,९००। बैठक भत्ता खर्च लेखाङ्कन भएको छ।

| क्र. सं | सञ्चालकको नाम | पद | कुल बैठक | सञ्चालक समिति बैठक भत्ता रकम रु. | अन्य समिति बैठक भत्ता रकम रु. | कुल भत्ता रकम रु. |
|---|---|---|---|---|---|---|
| १. | श्री देवेन्द्र कार्की | अध्यक्ष | २० | १,४०,००० | – | १,४०,००० |
| २. | श्री रामेश्वर दंगाल | सञ्चालक | २४ | ९८,००० | ६३,००० | १,६१,००० |
| ३. | श्री मधु प्रसाद भेटुवाल | सञ्चालक | ३७ | १,३३,००० | १,२६,००० | २,५९,००० |
| ४. | श्री हितेन्द्र देव शाक्य | सञ्चालक | २ | १४,००० | – | १४,००० |
| ५. | श्री अनन्त राज घिमिरे | सञ्चालक | – | – | – | – |
| ६. | श्री कुलमान घिसिङ | सञ्चालक | १३ | ९१,००० | – | ९१,००० |
| ७. | श्री महेश रिमाल | सञ्चालक | ३९ | १,४०,००० | १,३३,००० | २,७३,००० |
| ८. | श्री महेश आचार्य | सञ्चालक | ८ | ५६,००० | ७०,००० | १,२६,००० |
| ९. | श्री सुशिल चन्द तिवारी | अध्यक्ष | ३ | २१,००० | – | २१,००० |
| १०. | श्री कल्याण राज शर्मा | स्वतन्त्र सञ्चालक | ११ | ४२,००० | ३५,००० | ७७,००० |
| ११. | श्री सूर्य प्रसाद रिजाल | प्रबन्ध सञ्चालक | २० | ४२,००० | ९८,००० | १,४०,००० |
| १२. | श्री चिरञ्जीवी चटौत | सञ्चालक | २ | १४,००० | – | १४,००० |
| | | जम्मा | १८९ | ८,१२,००० | ५,२५,००० | १३,३७,००० |

**(ख) लेखापरीक्षण उपसमिति :**

| क्र. सं | सञ्चालकको नाम | पद | कुल बैठक | बैठक भत्ता रकम रु. | कुल भत्ता रकम रु. |
|---|---|---|---|---|---|
| १. | श्री रामेश्वर दंगाल, सञ्चालक, विद्युत उत्पादन कम्पनी लिमिटेड | अध्यक्ष | ७ | ७,०००। | ४९,०००। |
| २. | श्री महेश आर्चाय, सञ्चालक, विद्युत उत्पादन कम्पनी लिमिटेड | अध्यक्ष (श्री रामेश्वर दंगालको स्थानमा) | २ | ७,०००। | १४,०००। |
| ३. | श्री प्रदिप थिके, निर्देशक, नेपाल विद्युत प्राधिकरण | सदस्य | ९ | ७०००। | ६३,०००। |
| ४. | श्री जीवन शाक्य, वरिष्ठ लेखा अधिकृत, नेपाल टेलिकम | सदस्य | ५ | ७,०००। | ३५,०००। |
| ५. | श्री कविता शर्मा, मानव संसाधन अधिकृत विद्युत उत्पादन कम्पनी लि. | सदस्य सचिव | ९ | ७,०००। | ६३,०००। |
| ६. | श्री महेश रिमाल, सञ्चालक, विद्युत उत्पादन कम्पनी लिमिटेड | सदस्य (श्री जीवन शाक्यको स्थानमा) | ४ | ७,०००। | २८,०००। |
| | | जम्मा | ३६ | | २,५२,०००। |

## ८.४ कम्पनीको पदाधिकारीहरु तथा अन्य कर्मचारीहरुलाई भुक्तानी गरिएको तलब भत्ता तथा सुविधाको रकम :

प्रबन्ध सञ्चालक तथा व्यवस्थापन समुहका पदाधिकारीहरुलाई भुक्तान गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम देहाय बमोजिम रहेको छ ।

(क) प्रबन्ध सञ्चालक रु. ७,३१,८००। (अक्षरुपी सात लाख एकतीस हजार आठ सय रुपैयाँ)

(ख) अन्य कर्मचारीहरु रु. १,४०,७७,६०६। (अक्षरुपी एक करोड चालीस लाख सतहत्तर हजार छ सय छ रुपैयाँ)

## ८.५ बैठक भत्ता तथा खर्च :

कम्पनीको लेखापरीक्षण सम्पन्न भएको आर्थिक वर्ष २०७८/७९ को बैठक भत्ता तथा खर्चको विवरण निम्न बमोजिम रहेको छ :

| क्र.स. | बैठक खर्च | आ.व. २०७८/७९ |
|---|---|---|
| १. | सञ्चालक समिति | ८,१२,०००। |
| २. | लेखापरीक्षण समिति | २,५२,०००। |
| ३. | अन्य समिति/उपसमिति | १८, ६१,९००। |
| | कुल | २९,२५,९००। |

## ९. व्यवसायको प्रकृति :

कम्पनीको लक्ष्य तथा उद्देश्य बमोजिम विद्युत उत्पादन कम्पनी लिमिटेडले जलाशय तथा अर्ध जलाशययुक्त जलविद्युत आयोजना मार्फत विद्युत उत्पादन गर्न हालसम्म विभिन्न ३ वटा जलविद्युत आयोजनाहरु (फुकोट कर्णाली अर्ध जलाशययुक्त जलविद्युत आयोजना, किमाथांका अरुण जलविद्युत आयोजना र मुगु कर्णाली जलाशययुक्त जलविद्युत आयोजना) को सर्वेक्षण अनुमतिपत्र प्राप्त गरी आयोजनाहरुमा लगानीको वातावरण सिर्जना गर्न राष्ट्रिय र अन्तराष्ट्रिय लगानी सम्वन्धी मोडेलको अध्ययन गरी उपयुक्त लगानीको लागि आउने प्रस्तावहरुलाई विश्लेषण गरी समन्वय गर्ने प्रक्रिया अगाडि बढाईएको छ ।

मुलुकको आधुनिकीकरण लगायत औद्योगिक विकासको लागि विद्युतको बढ्दो मागलाई पूर्ति गर्ने गरी कम्पनीको उद्देश्य अनुरुप लगानीको व्यवस्थापन गरी आयोजना विकास गर्न

आवश्यकता अनुसार छुट्टै वा सहायक कम्पनी स्थापना गरेर वा अन्य वित्तीय संस्थाहरुलाई सहभागी गराई स्वदेशी तथा विदेशी कम्पनीहरुसँग रणनितिक साझेदारी मार्फत एउटा सशक्त जलविद्युत उत्पादन गर्ने संस्थाको रुपमा यस कम्पनीलाई विकास गर्न वर्तमान सञ्चालक समिति तथा सम्पूर्ण व्यवस्थापन समूह दत्तचित्त छ ।

## १०. राष्ट्रिय/अन्तर्राष्ट्रिय परिस्थितिले कम्पनीको कारोबारलाई पारेको असर :

ऊर्जा उत्पादन तथा निर्यातका लागि नेपाल दुई ठुला देशहरुको रणनितिक अवस्थितिमा रहेकोले सरकारी तथा निजी क्षेत्रबाट उत्पादन हुने विद्युतको खपत तथा निर्यात सम्भावना समेत अधिक रहेको हुनाले राष्ट्रिय तथा अर्न्तराष्ट्रिय परिस्थिति ऊर्जा विकास वा यसको कारोबार अत्यन्त सम्भाव्य क्षेत्रको रुपमा स्थापित भैसकेको छ। यस वर्षको विद्युत व्यापारलाई आधार मान्दा भारत र बगंलादेशमा निर्यात गर्न आवश्यक संरचना र त्रिपक्षीय समझदारी समयमै गर्नु पर्ने देखिएको छ ।

## ११. आन्तरिक नियन्त्रण प्रणाली :

जोखिम व्यवस्थापन गर्न, वित्तीय तथा व्यवसायिक गतिविधिहरुलाई मूल्याङ्कन गरी नाफामुलक जलविद्युत आयोजनाहरुमा लगानी गर्न, कम्पनीलाई हुनसक्ने सम्भावित नोक्सानी/जोखिमलाई कम गर्न, आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउन कम्पनीले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विनियमावली, २०७७, खरिद विनियमावली, २०७७, सम्पत्ति तथा जिन्सी सामान व्यवस्थापन कार्यविधि, २०७७, भ्रमण खर्च विनियमावली, २०७६ र मुद्दती निक्षेप कार्यविधि, २०७४ कार्यान्वयनमा रहेको छ, भने कर्मचारी प्रशासन र व्यवस्थापनका लागि कम्पनीको कर्मचारी प्रशासन विनियमावली, २०७३ अनुरुप कार्य भईरहेको छ। नेपालको संबिधान बमोजिम लोक सेवा आयोगको संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानून, बढुवा र विभागीय कारबाही सम्वन्धी सामान्य सिद्धान्त, २०७४ अनुरुप हुने गरी यस कम्पनीको कर्मचारी प्रशासन विनियमावली, २०७४ सञ्चालक समितिबाट पास गरी नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय मार्फत स्वीकृतिको लागि लोक सेवा आयोगमा पठाईएकोमा लोकसेवा आयोगको स्वीकृति प्रक्रियामा रहेको छ ।

कम्पनीको सञ्चालक समिति, शेयरधनी तथा व्यवस्थापनको सम्बन्ध तथा जिम्मेवारी निर्धारण गरी आयोजनाहरुको प्रभावकारी विकास, विस्तार र सञ्चालन र व्यवस्थापन गरी आयोजनाको संस्थागत सुशासन कायम गर्न Corporate Governance Manual कार्यान्वयनमा रहेको छ । कम्पनीको कामको लागि आवश्यकता अनुसार सञ्चालक समितिको निर्णय/निर्देशानुसार उपसमितिहरु गठन गरी अन्य प्राविधिक र प्रशासन सम्बन्धी कार्यहरु भईरहेका छन । व्यवस्थापनले आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी रुपमा कार्यान्वयन गरेको छ भने लेखा परीक्षण समितिमार्फत सञ्चालक समितिले समेत प्रभावकारी रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने गरेको छ ।

कम्पनीको पारदर्शिता तथा जवाफदेहितालाई सुनिश्चित गर्न कम्पनी ऐन, २०६३ को दफा १६४ अनुसार ३ सदस्यीय लेखापरीक्षण समिति रहेको छ । कम्पनीको लेखापरीक्षण समितिको निर्देशन अनुसार व्यवस्थापनले आन्तरीक लेखापरीक्षक नियुक्त गरी उक्त आर्थिक वर्षको हरेक त्रैमासिकमा आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेश गर्ने गरेको र उक्त प्रतिवेदनमा औल्याईएको विषयहरुमा सुधार गर्दै जाने गरेकोले कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली सबल रहेको भन्न सकिन्छ ।

महालेखापरीक्षकको कार्यालयको परामर्शमा कम्पनीबाट नियुक्त हुने लेखापरीक्षकबाट वित्तीय लेखापरीक्षण हुने गरेकोबाट समेत आन्तरिक नियन्त्रण प्रणाली सबल रहेकोछ । लेखापरीक्षण प्रतिवेदनमा उठाईएका विषयहरुका सम्वन्धमा छलफल गरी सुधारात्मक उपायहरु अवलम्बन गर्ने उद्देश्यले सोको जानकारी लेखापरीक्षण समिति मार्फत सञ्चालक समितिमा गराईने व्यवस्था छ ।

## ११.१ लेखापरीक्षण समितिः

कम्पनी ऐन, २०६३ को दफा १६४ मा भएको प्रावधान अनुसार सञ्चालक समितिबाट गठित लेखापरीक्षण समितिमा हाल देहाय बमोजिमका सदस्यहरु रहनु भएको छ :

| | | |
|---|---|---|
| १. | श्री ढुण्डी प्रसाद निरौला, सञ्चालक | अध्यक्ष |
| २. | श्री वीरेन्द्र पौडेल, सञ्चालक | सदस्य |
| २ | श्री प्रदिप थिके, विज्ञ, | सदस्य |
| ३. | श्री कविता शर्मा, मानव संसाधन अधिकृत | सदस्य–सचिव |

लेखापरीक्षण समितिले कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली, वित्तीय प्रतिवेदनको प्रस्तुति, बाह्य तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका कैफियतहरुको सुधार तथा लेखा सम्बन्धी अन्य विषयहरुमा अध्ययन र छलफल गरी आवश्यकता अनुसार व्यवस्थापनलाई निर्देशन दिने गरेको छ ।

## ११.२ कम्पनीको लेखा :

कम्पनीको लेखा प्रचलित नेपाल लेखामान (Nepal Financial Reporting Standard-NFRS) अनुसार राखिएको छ ।

## ११.३ आन्तरिक लेखापरीक्षण :

आर्थिक वर्ष २०७८/७९ को आन्तरिक लेखापरीक्षण गर्न चार्टड एकाउण्टेण्ट श्री जी.बी. राजबहाक एण्ड कम्पनीलाई नियुक्त गरी कम्पनीको लेखा दुरुस्त भए नभएको जाँच गरी आन्तरिक लेखापरीक्षण प्रतिवेदन प्राप्त भईसकेकोछ । आन्तरीक लेखापरीक्षण गरेबापत लेखापरीक्षकलाई रु.२,००,०००।- (मू.अ. कर बाहेक) भुक्तानी गरिएको छ ।

### ११.४ लेखापरीक्षण :

आ.व. २०७८/७९ को कम्पनीको हिसाब किताबको लेखापरीक्षण गर्न महालेखापरिक्षकको कार्यालयबाट सिफारिस भई आउनु भएका सि.ए. श्री नवराज थपलियालाई कम्पनीको पाँचौं वार्षिक साधारण सभाबाट नियुक्ती भई लेखापरिक्षण कार्य सम्पन्न भएको छ । सो बापत लेखापरीक्षकलाई रु.२,००,०००।- (मू.अ. कर बाहेक) भुक्तानी गरिएको छ ।

### ११.५ लेखापरीक्षक :

कम्पनीको आ.व. २०७९/८० मा कम्पनीको लेखापरीक्षण गर्नको लागि महालेखापरीक्षकको कार्यालयको सिफारिसमा भई आए अनुसार लेखापरिक्षक नियूक्तिको लागि वार्षिक साधारण सभामा सिफारिस गरिनेछ ।

### ११.६ जोखिम व्यवस्थापन :

कम्पनी स्थापना भएको सातौं वर्ष भएको र आयोजना अध्ययनको क्रममा रहेको हुनाले हाल सम्म कुनै पनि प्रकारको जोखिम बहन गनु परेको छैन् ।

## १२. वर्तमान सञ्चालक समिति :

कम्पनीको प्रबन्ध पत्र र नियमावलीमा व्यवस्था भए बमोजिम कम्पनीमा हाल ७ सदस्यीय सञ्चालक समिति रहेको छ ।

| क.स | सञ्चालको नाम | पद | प्रतिनिधित्व गर्ने संस्था | कैफियत |
|---|---|---|---|---|
| १. | श्री दिनेशकुमार घिमिरे | अध्यक्ष | सचिव, नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | |
| २. | श्री चिरञ्जीवी चटौत | सञ्चालक | सहसचिव, नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | |
| ३. | श्री ढुण्डी प्रसाद निरौला | सञ्चालक | सहसचिव, नेपाल सरकार, अर्थ मन्त्रालय | |
| ४. | श्री कुलमान घिसिङ | सञ्चालक | कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण | |
| ५. | श्री वीरेन्द्र पौडेल | सञ्चालक | का.मु. मुख्य प्रबन्धक, कर्मचारी सञ्चय कोष | |
| ६. | श्री कल्याण राज शर्मा | स्वतन्त्र सञ्चालक | बित्त विशेषज्ञ, विद्युत उत्पादन कम्पनी लिमिटेड | |
| ७. | श्री सूर्य प्रसाद रिजाल | प्रबन्ध सञ्चालक | जलविद्युत विशेषज्ञ, विद्युत उत्पादन कम्पनी लिमिटेड | |

## १२.२ कम्पनीको सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण :

कम्पनीको स्थापना कालदेखि हालसम्म सञ्चालक समितिमा नेपाल सरकारको विभिन्न मन्त्रालय तथा विभिन्न संस्थानहरुको तर्फबाट प्रतिनिधित्व गर्नु भएका सञ्चालक सदस्यहरु विभिन्न कारणबाट परिवर्तन भएको हुँदा सोको विवरण यस प्रकार रहेको छ :

| क्र.स. | सञ्चालकको नाम | पद | प्रतिनिधित्व गर्ने मन्त्रालय तथा संस्था | कैफियत |
|---|---|---|---|---|
| १. | श्री अनुप कुमार उपाध्याय | अध्यक्ष | नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | अवकाश |
| २. | डा. संजय शर्मा | अध्यक्ष | नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | सरुवा |
| ३. | श्री दिनेशकुमार घिमिरे | अध्यक्ष | नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | सरुवा |
| ४. | श्री रामकृष्ण सुवेदी | सञ्चालक | नेपाल सरकार, अर्थ मन्त्रालय | सरुवा |
| ५. | श्री चिरञ्जीवी चटौत | सञ्चालक | नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | सरुवा |
| ६. | श्री रामकृष्ण पोखरेल | सञ्चालक | नागरीक लगानी कोष | पदावधी समाप्त |
| ७. | श्री कामिनी राजभण्डारी | सञ्चालक | नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | पदावधी समाप्त |
| ८. | श्री तोयानाथ अधिकारी | सञ्चालक | नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | बढुवा |
| ९. | श्री दिपक रौनियार, | सञ्चालक | कर्मचारी संचयकोष | पदावधी समाप्त |
| १०. | श्री राजेन्द्र काफ्ले, | सञ्चालक | कर्मचारी संचयकोष | पदावधी समाप्त |
| ११. | श्री छविराज पोखेल | सञ्चालक | हाईड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड | पदावधी समाप्त |
| १२. | श्री रमण नेपाल | सञ्चालक | नागरीक लागानी कोष | पदावधी समाप्त |
| १३. | श्री डिल्लीराम अधिकारी | सञ्चालक | नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | पदावधी समाप्त |
| १४. | डा. सुरेन्द्र कुमार उप्रेती | सञ्चालक | विद्युत उत्पादन कम्पनी लिमिटेड | पदावधी समाप्त |

| | | | | |
|---|---|---|---|---|
| १५. | श्री विश्व प्रकाश सुवेदी | सञ्चालक | नेपाल सरकार, अर्थ मन्त्रालय | सरुवा |
| १६. | श्री उत्तर कुमार खत्री | सञ्चालक | नेपाल सरकार, अर्थ मन्त्रालय | सरुवा |
| १७. | श्री कुलमान घिसिङ | सञ्चालक | कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण | पदावधी समाप्त |
| १८. | श्री मोहन राज पन्त | प्रवन्ध सञ्चालक | विद्युत उत्पादन कम्पनी लिमिटेड | पदावधी समाप्त |
| १९. | श्री यमलाल भूसाल | सञ्चालक | नेपाल सरकार, अर्थ मन्त्रालय | सरुवा |
| २०. | श्री देवेन्द्र कार्की | अध्यक्ष | नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | अवकाश |
| २१. | श्री अनन्न राज घिमिरे | प्रबन्ध सञ्चालक | विद्युत उत्पादन कम्पनी लिमिटेड | राजीनामा |
| २२. | श्री रामेश्वर दंगाल | सञ्चालक | नेपाल सरकार, अर्थ मन्त्रालय | बढुवा |
| २३. | श्री मधु प्रसाद भेटुवाल | सञ्चालक | नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | मन्त्रालयबाट हेरफेर |
| २४. | श्री हितेन्द देव शाक्य | सञ्चालक | कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण | पदावधी समाप्त |
| २५. | श्री कुलमान घिसिङ | सञ्चालक | कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण | हाल सम्म |
| २६. | श्री महेश रिमाल | सञ्चालक | नायम महाप्रबन्धक, राष्ट्रिय बीमा संस्थान | पदावधी समाप्त |
| २७. | श्री सुशिल चन्द्र तिवारी | अध्यक्ष | सचिव, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | सरुवा |
| २८. | श्री वीरेन्द्र पौडेल | सञ्चालक | का.मु. प्रबन्धक, कर्मचारी सञ्चय कोष | हाल सम्म |
| २९. | श्री दिनेशकुमार घिमिरे | अध्यक्ष | सचिव, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | हाल सम्म |
| ३०. | श्री कल्याण राज शर्मा | स्वतन्त्र सञ्चालक | विद्युत उत्पादन कम्पनी लिमिटेड | हाल सम्म |
| ३१. | श्री सूर्य प्रसाद रिजाल | प्रबन्ध सञ्चालक | विद्युत उत्पादन कम्पनी लिमिटेड | हाल सम्म |
| ३२. | श्री चिरञ्जीवी चटौत | सञ्चालक | सह सचिव, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | हाल सम्म |
| ३३. | श्री ढुण्डी प्रसाद निरौला | सञ्चालक | नेपाल सरकार, अर्थ मन्त्रालय | हाल सम्म |

## १३. कम्पनीको कर्मचारी व्यवस्थापन :

विद्युत उत्पादन कम्पनी लिमिटेड अन्तर्गतका जलविद्युत आयोजनाहको कार्यान्वयन गर्न प्रवन्ध सञ्चालक सहित प्रशासन, व्यवस्थापन र प्राविधिक तर्फ हालसम्म करार र ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट काज आएका समेत गरि २०७९ मंसिर सम्म देहाय बमोजिम जम्मा ३२ जना कर्मचारीहरु कार्यरत रहेका छन :

| कर्मचारीहरु | अधिकृत स्तर | | सहायक स्तर | | जम्मा |
|---|---|---|---|---|---|
| | प्राविधिक | प्रशासनिक | प्राविधिक | प्रशासनिक | |
| ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | १ | – | – | – | १ |
| कम्पनीद्धारा करार सेवामा नियुक्त | १३ | २ | २ | १४ | ३१ |
| **जम्मा** | **१४** | **२** | **२** | **१४** | **३२** |

## १४. कम्पनीको भावी योजना एवं कार्यक्रम :

जलविद्युत आयोजनाहरुको पहिचान गरी आयोजनाको सर्वेक्षण, निर्माण, उत्पादन, सञ्चालन र व्यवस्थापन गर्ने उद्देश्य अनुरुप अगाडि बढेको कम्पनीको देहाय बमोजिम भावी योजना र कार्यक्रम रहेका छन् ।

(क) विस्तृत अध्ययन र वातावरणीय अध्ययन भैरहेका आयोजनाहरुको विद्युत उत्पादन सम्वन्धमा अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन रणनीति एंव व्यवसायिक योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

(ख) आयोजनाहरुको विस्तृत परियोजना प्रतिबेदन (Detail Project Report) र वातावरणीय प्रभाव मूल्याङ्कन (Environmental Impact Assessment) को कार्य समेत समयमा सम्पन्न गर्ने ।

(ग) आयोजनाको लागि विद्युत विकास विभाग समक्ष उत्पादन अनुमतिपत्रको निम्ति आवश्यक कारबाही अगाडी बढाउने साथै नजिकैको सवस्टेशन सम्म विद्युत प्रसारणको निमित्त प्रसारण अनुमतिपत्रको कार्य पनि आगाडि बढाईने छ ।

(ङ) आयोजनाको लागि पँहुच मार्ग, जग्गा खरिद र विस्तृत अध्ययनको कार्य सम्पन्न भएपछि बोलपत्रको प्रकृया प्रारम्भ गरिनेछ ।

(च) विद्युत खरिद बिक्री सम्झौता (Power Purchase Agreement) को कार्य अगाडी बढाईने छ ।

(छ) आयोजनाको लागि आवश्यक वित्तीय व्यवस्थापन (Financial Closure) को कार्य सम्पन्न गर्ने ।

(ज) कम्पनीको उद्धेश्य प्राप्तिको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरुसँग दुईपक्षीय/ बहुपक्षीय समन्वय गर्दै जाने ।

(ञ) संस्थागत सुशासन, पारदर्शिता तथा जवाफदेहिता प्रवर्द्धनका लागि आवश्यक कृयाकलापहरु लाई बढावा दिने ।

(ट) लगानीको लागि नयाँ जलविद्युत आयोजनाको पहिचान गरी अध्ययन तथा निर्माणको कार्य अगाडि बढाउने ।

## १५ . सञ्चालक समितिको मान्यता :

संस्थागत सुशासनले गरेको पदीय नैतिकता पालना र जिम्मेवारी बोधका विषयमा सञ्चालक समिति सदैव संवेदनशील रहेको व्यहोरा समेत सम्मानित सभालाई जानकारी गराउन चाहन्छु ।

## १६. विविध :

आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण प्रतिवेदन र वित्तीय विवरणहरु समेत यसैसाथ संलग्न गरी सम्मानित सभालाई जानकारी गराउन चाहन्छु ।

कम्पनी व्यवस्थापनमा तथा आम कर्मचारीवर्गको लगनशीलता, मेहनत तथा समर्पणको उच्च कदर गर्दै आगामी दिनहरुमा पनि कम्पनीको प्रगतीको लागि आफ्नो सीप, समय र क्षमताको उपयोग गर्नु हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

अन्त्यमा, कम्पनीको सफलताको सहयात्रीहरुलाई आजको यस विशेष अवसरमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु र कम्पनीलाई निरन्तर सहयोग पुऱ्याउने अर्थ मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, नेपाल विद्युत प्राधिकरण, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, हाईड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड, नेपाल दुरसञ्चार कम्पनी लिमिटेड, राष्ट्रिय बीमा संस्थान प्रति आभार व्यक्त गर्दछु । कम्पनी रजिष्ट्रारको कार्यालय, महालेखापरीक्षकको कार्यलय लगायतका नियमनकारी निकायहरु, कम्पनीका लेखापरीक्षक, साधारण सभाको लागि खटिइनु भएको प्राविधिक, व्यवस्थापन तथा अन्य सम्बद्ध सरोकारवालाहरु प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्दछु ।

साथै, कम्पनीलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा मार्गदर्शन र सुझाव प्रदान गर्नुहुने सम्पुर्ण शुभेच्छुक तथा सहभागीहरु प्रति सञ्चालक समिति र मेरो व्यक्तिगत तर्फवाट समेत धन्यवाद दिन चाहन्छु ।

धन्यवाद

**विद्युत उत्पादन कम्पनी लिमिटेड**
(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित)

## कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा (४) अनुसारको थप विवरण :

(१) **लाभांश बांडफाँड गर्न सिफारिस गरिएको रकम :**

आर्थिक वर्ष २०७८/७९ सम्म लाभांश बाँडफाँड गरेको छैन ।

(२) **जफत गरिएको शेयर सम्बन्धी विवरण :**

समीक्षा अवधिमा कम्पनीले कुनै शेयरहरु जफत गरेको छैन ।

(३) **कम्पनीको सहायक कम्पनी सम्बन्धी विवरण :**

हाल सम्म यस कम्पनीका दुई वटा सहायक कम्पनी निम्नानुसार रहेका छन :
(क) नलगाड हाईड्रोपावर कम्पनी लिमिटेड,
(ख) जगदुल्ला हाईड्रोपावर कम्पनी लिमिटेड ।

(४) **विगत आर्थिक वर्षमा कम्पनीका आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :**
आधारभूत शेयरधनीहरुले कम्पनीलाई हालसम्म यस्तो कुनै जानकारी उपलब्ध गराउनु भएको छैन ।

(५) **राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई पारेको असर :**

विद्युत उत्पादन कम्पनी लिमिटेड एक नेपाल सरकारले स्थापना गरेको कम्पनी भएकोले यस कम्पनी अन्तर्गतका सहायक कम्पनी, जलाशय र अर्धजलाशययुक्त जलविद्युत आयोजनाहरुको विस्तृत अध्ययनको कार्य अन्तिम चरणमा छन । अबका दिनमा मुख्य लगानी जुटाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसँग व्यापक समन्वय गर्न आवश्यक छ । साथै, यी कम्पनी र जलविद्युत आयोजनाहरुबाट उत्पादित बिजुली स्वदेशमा नै खपत हुने भएता पनि ऊर्जा उत्पादन तथा निर्यातका लागि नेपाल दुई ठूला देशहरु बीचमा रहेकाले कम्पनीबाट उत्पादन हुने विद्युतको खपत तथा निर्यात सम्भावना समेत अधिक रहेको हुनाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थिति ऊर्जा विकास वा यसको कारोबारको भविष्य अत्यन्त राम्रो रहेको छ ।

(६) **कम्पनीको औद्योगिक वा व्यवसायिक सम्बन्ध :**

यस कम्पनीले सम्बन्धित संस्थापक शेयरधनीहरु, सरकारी निकायहरु र व्यवसायिक संघ संस्थाहरुसँग सुमधुर सम्बन्ध राख्दै व्यवसायिक आचार संहिता पालना गरी आफ्नो काम कारबाही गर्दै आएको छ । कम्पनी ऐन, २०६३ को पूर्ण पालन गर्दै ऐन, कानून तथा सम्बन्धित

सरकारी निकायहरु र नियमक निकाय कम्पनी रजिष्ट्रारको कार्यालयबाट समय समयमा प्राप्त निर्देशनहरुलाई कम्पनीले उच्च प्राथमिकताका साथ पालना गर्दै आएको छ। कम्पनी नेपालको जलविद्युत विकासमा सहयोग पुर्‍याउन कटिबद्ध छ । सञ्चालक समिति, व्यवस्थापन र कर्मचारी बीचमा सुमधुर सम्वन्ध रहेको छ ।

(७) **विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न भएको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी :**

आ.व.२०७८/७९ मा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले कम्पनीको शेयर खरिद गर्नु भएको छैन । सञ्चालक समितिमा बहाल रहनु भएका पदाधिकारीहरु कम्पनीका संस्थापक शेयरधनी नेपाल सरकार तथा अन्य निकायहरुको प्रतिनिधिको रुपमा रहनु भएको छ ।

(८) **कम्पनीसंग सम्बन्धी सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारी व्यहोरा :**

यस सम्बन्धमा कुनै पनि जानकारी सञ्चालकबाट कम्पनीलाई हालसम्म प्राप्त हुन आएको छैन ।

(९) **कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको विवरण :**

हालसम्म कम्पनीले आफ्नो शेयर आफै खरिद गरेको छैन ।

(१०) **आन्तरिक नियन्त्रण प्रणालीको विस्तृत विवरण :**

यस कम्पनीले सार्वजनिक खरिद ऐन, २०६३ तथा कम्पनीको खरिद ऐन, २०७७, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व विनियमावली, २०७७, सम्पत्ति तथा जिन्सी व्यवस्थापन कार्यविधि, २०७७ को परिपालन गरी खरिद सम्बन्धी कार्यहरु हुने गरेका छन् भने कर्मचारी व्यवस्थापनका लागि कम्पनीको आफ्नै कर्मचारी प्रशासन विनियमावली, २०७३ रहेको छ । कम्पनीको कामको लागि आवश्यकता अनुसार सञ्चालक समितिको निर्णय/निर्देशानुसार उपसमितिहरु गठन गरी अन्य प्राविधिक र प्रशासन सम्वन्धी कार्यहरु हुने गरेको छ ।

कम्पनीको पारदर्शिता तथा जवाफदेहितालाई सुनिश्चित गर्न कम्पनी ऐन, २०६३ दफा १६४ अनुसार ३ सदस्यीय लेखापरीक्षण समिति रहेको छ । कम्पनीको लेखापरीक्षण समितिको निर्देशन अनुसार व्यवस्थापनले आन्तरिक लेखापरीक्षक नियुक्ती गरी उक्त आर्थिक वर्षको हरेक त्रैमासिकमा आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेश गर्ने गरेको र उक्त प्रतिवेदनमा औंल्याईएको विषयहरुमा सुधार गर्दै जाने गरेकोले कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली सबल रहेको भन्न सकिन्छ । महालेखापरीक्षकको कार्यलयको परामर्श सिफारिसमा कम्पनीको साधारण सभाबाट नियुक्त हुने लेखापरीक्षकबाट वित्तिय लेखापरीक्षण हुन आन्तरिक लेखापरिक्षण कार्य कम्पनी भन्दा बाहिरको विशेषज्ञ मार्फत गरिएको, अन्य सम्वन्धित नीति, निर्देशिकाहरु तयार गरी लागू

गरिएकोले आन्तरिक नियन्त्रण प्रणाली सबल रहेको छ । आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउनका लागि कम्पनीमा सञ्चालक समितिका पदाधिकारीहरु सम्मिलित लेखापरीक्षण समिति क्रियाशिल रहेको छ ।

(११) **यस वर्षको कूल व्यवस्थापन खर्चको विवरण :**

कम्पनीको आर्थिक वर्ष २०७८/७९ मा भएको कूल व्यवस्थापन खर्च निम्न बमोजिम रहेको छ :

| | |
|---|---|
| कर्मचारी खर्च | रु.१,४८,०९,४०६।९४ |
| कार्यालय सञ्चालन खर्च | रु.२,४५,३५,६७७। |
| विभिन्न आयोजनाको सर्वेक्षण अध्ययन खर्च | रु.५,३९,२५,५४१। |
| | **जम्मा रु.९,३२,७०,६२४।९४** |

(१२) **लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाब दिएको भए सोको विवरण :**

आ.व.२०७८/७९ मा यस कम्पनीको देहाय बमोजिम ४ सदस्यीय लेखापरीक्षण समितिमा (सञ्चालक समितिका २ जना सञ्चालक, १ जना विज्ञ र विद्युत उत्पादन कम्पनी लिमिटेडका मानव संसाधन अधिकृत १ जना) रहने गरी लेखापरीक्षण समितिको गठन भएको छ ।

(क) **लेखापरीक्षण समिति :**

कम्पनीको पारदर्शिता तथा जवाफदेहितालाई सुनिश्चित गर्न कम्पनी ऐन, २०६३ को दफा १६४ बमोजिम यस कम्पनीमा निम्नानुसार सदस्यहरु रहनु भएको एक लेखापरीक्षण समिति रहेको छ ।

| | |
|---|---|
| श्री ढुण्डी प्रसाद निरौला, सञ्चालक | अध्यक्ष |
| श्री वीरेन्द्र पौडेल, सञ्चालक | सदस्य |
| श्री प्रदिप थिके, विज्ञ | सदस्य |
| श्री कविता शर्मा, मानव संसाधन अधिकृत | सदस्य सचिव |

(ख) **लेखापरीक्षण समितिको बैठक भत्ता :**

आ.व.२०७८/७९ लेखापरीक्षण समितिको अध्यक्ष लगायत सदस्यहरुलाई भुक्तान गरिएको जम्मा बैठक रकम रु.२,५२,०००।- रहेको छ ।

**(ग) लेखापरीक्षण समितिको कामकारवाही :**

कम्पनी ऐन २०६३ को दफा १६५ मा उल्लेख भए बमोजिमको कार्य गर्ने गरेको छ । यसबाट कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न, जोखिम व्यवस्थापन गर्न, संस्थागत सुशासन कायम गर्न, वित्तीय प्रतिवेदनको प्रस्तुतीकरण गर्न, वाह्य तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका कैफियतहरुको सुधार गर्न र लेखा तथा लेखापालन सम्बन्धी अन्य विषयहरुमा आवश्यता अनुसार सञ्चालक समितिलाई सुझाब पेश गर्ने र व्यवस्थापनलाई निर्देशन दिने गरेको छ ।

**(घ) लेखापरीक्षण समितिको भूमिका :**

लेखापरीक्षण समितिले सञ्चालक समितिलाई कम्पनीमा समग्र वित्तीय अवस्था, संस्थागत सुशासन, आन्तरिक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापन, वित्तीय प्रतिवेदनको प्रस्तुति तथा सुपरिवेक्षकीय व्यवस्थाको अनुपालन, बाह्य लेखापरीक्षणमा औंल्याइएका कैफियत तथा सुधार र नीतिगत आचरणका क्षेत्रहरुमा सुझावहरु प्रदान गर्दै आईरहेको छ । कम्पनी ऐन २०६३ को दफा १६५ मा उल्लेख भए बमोजिमको कार्य गर्ने गरेको छ ।

**(१३) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :**

माथिको शीर्षक बमोजिम कुनै रकम बुझाउन बाँकी नभएको ।

**(१४) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई आ.व. २०७७/७८ मा भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधा रकम :**

१४.१ कम्पनीको सञ्चालक समिति, प्रबन्ध सञ्चालक, लेखापरीक्षक, प्रबन्धकको विवरण र निजहरुलाई आर्थिक वर्ष २०७८/७९ मा भुक्तान गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम देहाय बमोजिम रहेको छ ।

| क्र. सं | सञ्चालकको नाम | पद | कुल बैठक | सञ्चालक समिति बैठक भत्ता रकम रु. | अन्य समिति बैठक भत्ता रकम रु. | कुल भत्ता रकम रु. |
|---|---|---|---|---|---|---|
| १. | श्री देवेन्द्र कार्की | अध्यक्ष | २० | १,४०,००० | – | १,४०,००० |
| २. | श्री रामेश्वर दगांल | सञ्चालक | २४ | ९८,००० | ६३,००० | १,६१,००० |
| ३. | श्री मधु प्रसाद भेटुवाल | सञ्चालक | ३७ | १,३३,००० | १,२६,००० | २,५९,००० |
| ४ | श्री हितेन्द्र देव शाक्य | सञ्चालक | २ | १४,००० | – | १४,००० |
| ५. | श्री अनन्त राज घिमिरे | सञ्चालक | – | – | – | – |
| ६. | श्री कुलमान घिसिङ | सञ्चालक | १३ | ९१,००० | – | ९१,००० |
| ७. | श्री महेश रिमाल | सञ्चालक | ३९ | १,४०,००० | १,३३,००० | २,७३,००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. | श्री महेश आचार्य | सञ्चालक | ८ | ५६,००० | ७०,००० | १,२६,००० |
| ९. | श्री सुशिल चन्द तिवारी | अध्यक्ष | ३ | २१,००० | – | २१,००० |
| १०. | श्री कल्याण राज शर्मा | स्वतन्त्र सञ्चालक | ११ | ४२,००० | ३५,००० | ७७,००० |
| ११. | श्री सूर्य प्रसाद रिजाल | प्रबन्ध सञ्चालक | २० | ४२,००० | ९८,००० | १,४०,००० |
| १२. | श्री चिरञ्जीवी चटौत | सञ्चालक | २ | १४,००० | – | १४,००० |
| | | **जम्मा** | १८९ | ८,१२,००० | ५,२५,००० | १३,३७,००० |

कम्पनीको प्रथम वर्षिक साधारण सभाको सर्वसम्मत निर्णय अनुसार सञ्चालकलाई प्रति बैठक रु. ७,०००।- भत्ता दिने गरिएको छ । सञ्चालक सम्मिलित अन्य उपसमितिहरुमा सोही बमोजिम नै बैठक भत्ता प्रदान गर्ने गरिएको छ र सो बाहेक अन्य पारिश्रमिक वा सुबिधा दिने व्यवस्था नरहेको ।

(क) प्रबन्ध सञ्चालकलाई आ.व. २०७८/७९ मा भुक्तान गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम रु.७,३१,८००। रहेको छ ।

(ख) दैनिक भ्रमण भत्ता तथा देहाय अनुसार हुने :

- स्वदेशमा रु. ७,०००।- (अक्षरुपी सात हजार मात्र)
- बैदेशिक दैनिक भ्रमण भत्ता अमेरीकी डलर २२५।- (दुई सय पच्चीस मात्र)

**द्रष्टब्य :**

भारत र बंगलादेशका देहायका शहरहरु बाहेकको स्थानहरुमा भ्रमण गर्दा उल्लिखित दरको ५० प्रतिशत रकम मात्र दिईनेछ ।

क) भारतको दिल्ली, चेन्नेई, हैदरबाद, कोलकत्ता, गोवा ।

ख) बंगलादेशको ढाका र चटगाउँ शहर ।

(ग) यूरोपियन मुलुमकहरु, अष्ट्रेलिया, न्यूजिल्यान्ड, अमेरिका, क्यानडा, जापान, कुवेत, कोरिया, जर्मनी, हङकङ, रुस, कतार, यु.ए.ई., सिंगापुर, लेबनान र बहराईनको भ्रमणमा उल्लिखित दरमा ३३ प्रतिशत थप रकम दिईनेछ ।

**(१५) शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम :**

शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम नभएको ।

(१६) **दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको विवरण :**

दफा १४१ बमोजिमको कम्पनीबाट यस वर्ष खर्च भएर नजाने पूँजीगत सामानहरु रु.८४,२४,९०४ खरिद गरिएको छ ।

(१७) **दफा १७५ बमोजिम सम्बद्ध कम्पनी बीच भएको कारोबारको विवरण :**

आफ्नो कारोबार तथा व्यवसायको सिलसिलामा भएको कारोबार बाहेक कम्पनी ऐन, २०६३ को दफा १७५ मा लेखिए अनुसार कुनै कारोबार भएको छैन ।

(१८) **कम्पनी ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा :**

खुलाउन पर्ने अन्य कुरा नभएको ।

(१९) **अन्य आवश्यक कुराहरु :**

अन्य खुलाउन पर्ने विषय नभएको ।

# विद्युत उत्पादन कम्पनी लिमिटेड

(कम्पनी ऐन, २०६३ को दफा ५१ को (१) र (२) सँग सम्बन्धित)

दफा ५१ (१) बमोजिम शेयरधनीको नाम, शेयर संख्या, शेयर क्रम संख्या र दाखिला रकमः

| शेयरधनीको नाम, थर र ठेगाना | शेयर संख्या | | जम्मा शेयर संख्या | माग बमोजिम चुक्ता रकम रु. | चुक्ता हुन बाँकी रकम रु. |
|---|---|---|---|---|---|
| | देखि | सम्म | | | |
| ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | १ | ४०००००० | २,००,००,००० | १,८०,२३,३३,३००। (१ अर्ब ८० करोड २३ लाख ३३ हजार तीन सय) | १९,७६,६६,७००। (१९ करोड ७६ लाख ६६ हजार सात सय) |
| | १४२००००१ | १६८००००० | | | |
| | २३४३०००१ | ३०२७०००० | | | |
| | ४७७१२००१ | ५१०४५३३३ | | | |
| | ५२७१२००१ | ५३९६२००० | | | |
| | ५५२१२००१ | ५७१८८६६७ | | | |
| अर्थ मन्त्रालय | ४०००००१ | ५०००००० | ५०,००,००० | ४८,१८,३३,४००। (४८ करोड १८ लाख ३३ हजार चार सय) | १,८१,६६,६००। (१ करोड ८१ लाख ६६ हजार छ सय) |
| | १६८००००१ | १७४५०००० | | | |
| | ३०२७०००१ | ३१९८०००० | | | |
| | ५१०४५३३४ | ५१८७८६६७ | | | |
| | ५३९६२००१ | ५४५८७००० | | | |
| | ५७१८८६६८ | ५७३७०३३३ | | | |
| कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | ५००००००१ | ६०००००० | ५०,००,००० | ४८,१८,३३,३००। (४८ करोड १८ लाख ३३ हजार तीन सय) | १,८१,६६,७००। (१ करोड ८१ लाख ६६ हजार सात सय) |
| | १७४५०००१ | १८१००००० | | | |
| | ३१९८०००१ | ३३६९०००० | | | |
| | ५१८७८६६८ | ५२७१२००० | | | |
| | ५४५८७००१ | ५५२१२००० | | | |
| | ५७३७०३३४ | ५७५५२००० | | | |
| नेपाल विद्युत प्राधिकरण | ६,०००,००१ | ८,०००,००० | १,००,००,००० | ३३,००,००,०००।- (३३ करोड) | ६७,००,००,०००।- (६७ करोड) |
| | १८,१००,००१ | १९,४००,००० | | | |
| | ३,३६,९०,००१ | ३,७१,१०,००० | | | |
| | ५७५५२००१ | ६०८३२००० | | | |
| कर्मचारी सञ्चय कोष | ८,०००,००१ | १०,०००,००० | १,००,००,००० | ३३,००,००,०००।- (३३ करोड) | ६७,००,००,०००।- (६७ करोड) |
| | १९,४००,००१ | २०,७००,००० | | | |
| | ३,७१,१०,००१ | ४,०५,३०,००० | | | |
| | ६०८३२००१ | ६४११२००० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| नागरिक लगानी कोष | १०,०००,००१ | ११,०००,००० | ५०,००,००० | १६,५०,००,००० ।- (१६ करोड ५० लाख) | ३३,५०,००,०००।- (३३ करोड ५० लाख) |
| | २०,७००,००१ | २१,३५०,००० | | | |
| | ४,०५,३०,००१ | ४,२२,४०,००० | | | |
| | ६४११२००१ | ६५७५२००० | | | |
| हाईड्रोईलेक्टीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट लि. | ११,०००,००१ | ११,८००,००० | ४०,००,००० | २६,८८,००,०००।- (२६ करोड ८८ लाख) | १३,१२,००,०००।- (१३ करोड १२ लाख) |
| | २१,३५०,००१ | २१,८७०,००० | | | |
| | ४,२२,४०,००१ | ४,३६,०८,००० | | | |
| | ६९०३२००१ | ७०३४४००० | | | |
| नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | ११,८००,००१ | १३,८००,००० | १,००,००,००० | १३,००,००,०००।- (१३ करोड) | ८७,००,००,०००।- (८७ करोड) |
| | २१,८७०,००१ | २३,१७०,००० | | | |
| | ४,३६,०८,००१ | ४,७०,२८,००० | | | |
| | ६५७५२००१ | ६९०३२००० | | | |
| राष्ट्रिय बीमा संस्थान | १३,८००,००१ | १४,२००,००० | २०,००,००० | ६,६०,००,०००।- (६ करोड ६० लाख) | १३,४०,००,०००।- (१३ करोड ४० लाख) |
| | २३,१७०,००१ | २३,४३०,००० | | | |
| | ४,७०,२८,००१ | ४,७७,१२,००० | | | |
| | ७०३४४००१ | ७१०००००० | | | |
| | | जम्मा | ७,१०,००,००० | ४,०५,५८,००,०००।- (४ अर्ब ५ करोड ५८ लाख) | ३,०४,४२,००,०००।- (३ अर्ब ४ करोड ४२ लाख) |

दफा ५२ (२) बमोजिमको खुलाउनु पर्ने कुराहरु:-

(क) कम्पनीको अधिकृत पूँजी र शेयरको संख्या: रु.२०,००,००,००,०००।- (अक्षरुपी बीस अर्ब) र २०,००,००,०००।- (अक्षरुपी बीस करोड मात्र) थान ।

(ख) कम्पनीको जारी शेयर पूँजी: रु.१०,००,००,००,०००।- (अक्षरुपी दश अर्ब रुपैयां मात्र) ।

(ग) कम्पनीको हाल सम्म चुक्ता पूँजी: रु.४,०५,५८,००,०००।- (अक्षरुपी चार अर्ब पाँच करोड अनठाउन्न लाख) ।

(घ) शेयरपिच्छे माग भएको रकम: शत प्रतिशत ।

(ङ) किस्ता असुल भएको जम्मा रकमः रु.४,०५,५८,००,०००।- (अक्षरुपी चार अर्ब पाँच करोड अनठाउन्न लाख) ।

(च) असुल हुन बाँकी रहेको जम्मा रकमः रु.३,०४,४२,००,०००।- (अक्षरुपी तीन अर्ब चार करोड बयालीस लाख) ।

(छ) शेयर वा डिबेन्चरमा दलाली दस्तुर बापत दिएको जम्मा रकमः नभएको ।

(ज) कुनै शेयर जफत गरिएकोमा त्यस्तो शेयरको जम्मा संख्या, जफत भएको कारण र मितिः नभएको ।

(झ) बैङ्क, वित्तीय संस्था वा अन्य कुनै व्यक्तिबाट लिएको ऋण वा कम्पनीले दिएको जमानतः नभएको।

(झ१) अन्य कम्पनीको शेयर वा डिबेञ्चरमा लगानी गरेको भए त्यस्तो कम्पनीको नाम र दर्ता नम्बर तथा शेयर वा डिबेञ्चरमा गरेको लगानी रकमः शेयरमा लगानी भएको ।

| नाम | शेयर रकम | कैफियत |
|---|---|---|
| जगदुल्ला हाईड्रोपावर कम्पनी लिमिटेड | ५८,००,००,०००।- | सहायक कम्पनी |
| नलगाड हाईड्रोपावर कम्पनी लिमिटड | १,००,००,०००।- | सहायक कम्पनी |
| बेतन कर्णाली सञ्चयकर्ता हाईड्रोपावर कम्पनी लिमिटड | २५,००,००,०००।- | आंशिक शेयर लगानी भएको |
| एनईए ईन्जिनियरिङ कम्पनी लिमिटड | २,५५,००,०००।- | आंशिक शेयर लगानी भएको |
| नेपाल पावर ट्रेडिङ कम्पनी लिमिटड | २५,५०,०००।- | आंशिक शेयर लगानी भएको |

(ञ) बहाल सञ्चालकको नाम र ठेगाना :

| | |
|---|---|
| अध्यक्ष | श्री दिनेशकुमार घिमिरे, सचिव, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय |
| सञ्चालक | श्री चिरञ्जीवी चटौत, सहसचिव, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय |
| सञ्चालक | श्री ढुण्डी प्रसाद निरौला, सहसचिव, अर्थ मन्त्रालय |
| सञ्चालक | श्री कुलमान घिसिङ, कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण |
| सञ्चालक | श्री वीरेन्द्र पौडेल, का.मु. प्रबन्धक, कर्मचारी सञ्चय कोष |
| स्वतन्त्र सञ्चालक | श्री कल्याण राज शर्मा, विद्युत उत्पादन कम्पनी लिमिटेड |
| प्रबन्ध सञ्चालक | श्री सूर्य प्रसाद रिजाल, विद्युत उत्पादन कम्पनी लिमिटेड |

## विद्युत उत्पादन कम्पनी लिमिटेड
## नियमावलीमा भएको संशोधन :

**नियम ३५ उपनियम (१):** नियम ३५ (१) को ठाउँ ठाउँमा रहेका "संशोधन" भन्ने शब्दको सट्टा "(दोस्रो संशोधन)" भन्ने शब्दहरु राखिएको छ । सोही उपनियममा रहेको "कुनै कारणवस सो अवधि भित्र पनि प्रमुख कार्यकारी अधिकृत नियुक्त हुन नसकेमा नियम ३६ को उपनियम ७ (ख) बमोजिम कम्पनीको वरिष्ठ कर्मचारीले निमित्त प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्य गर्नेछ ।" भन्ने वाक्य हटाई सो स्थानमा "कुनै कारणबस नियम ३६ (१) बमोजिमको अवधि भित्र प्रमुख कार्यकारी अधिकृत नियुक्त हुन नसकेमा समितिले प्रबन्ध सञ्चालकको अवधि बढीमा एक वर्ष सम्म थप गर्न सक्ने छ ।" भन्ने वाक्य थप गरिएको छ ।

**नियम ३६ उपनियम (१):** नियम ३६ (१) मा रहेको "संशोधन" भन्ने शब्दको सट्टा "(दोस्रो संशोधन)" भन्ने शब्दहरु राखिएको छ । सोही उपनियममा रहेको "......प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्नेछ ।" भन्ने वाक्य पछि "कुनै कारणवश सो अवधिभित्र प्रमुख कार्यकारी अधिकृत नियुक्ति हुन नसकेमा समितिले प्रमुख कार्यकारी अधिकृत नियुक्ति गर्ने अवधि बढीमा एक वर्ष थप गर्न सक्नेछ ।" भन्ने वाक्य थप गरी मिलाईएको छ ।

## विद्युत उत्पादन कम्पनी लिमिटेड
## नियमावलीमा भएको संशोधन :

| सि.न. | साबिकको व्यवस्था : | संशोधित तथा थप व्यवस्था : | संशोधन गर्नुपर्ने कारण: |
|---|---|---|---|
| १. | <u>नियम ३५ उपनियम (१):</u> यो नियमावली संशोधन भएको पहिलो पटकको हकमा नियम ३६ को उपनियम ७ (क) बमोजिम प्रमुख कार्यकारी अधिकृत नियुक्त नभए सम्म समितिले नियम २९ बमोजिम नियुक्त हुने स्वतन्त्र सञ्चालक (जलविद्युत विशेषज्ञ) लाई कम्पनीको प्रवन्ध सञ्चालककोरुपमा यो नियमावली संशोधन भएको मितिबाट बढिमा एक वर्षको लागि नियुक्त गर्न सक्ने छ । कुनै कारणबस सो अवधि भित्र पनि प्रमुख कार्यकारी अधिकृत नियुक्त हुन नसकेमा नियम ३६ को उपनियम ७ (ख) बमोजिम कम्पनीको वरिष्ठ कर्मचारीले निमित्त प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्य गर्ने छ । | <u>नियम ३५ उपनियम (१):</u> नियम ३५ (१) को ठाउँ ठाउँमा रहेका "संशोधन" भन्ने शब्दको सट्टा "(दोस्रो संशोधन)" भन्ने शब्दहरु राखिएको छ । सोही उपनियममा रहेको "कुनै कारणवस सो अवधि भित्र पनि प्रमुख कार्यकारी अधिकृत नियुक्त हुन नसकेमा नियम ३६ को उपनियम ७ (ख) बमोजिम कम्पनीको वरिष्ठ कर्मचारीले निमित्त प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्य गर्ने छ ।" भन्ने वाक्य हटाई सो स्थानमा "कुनै कारणबस नियम ३६ (१) बमोजिमको अवधि भित्र प्रमुख कार्यकारी अधिकृत नियुक्त हुन नसकेमा समितिले प्रबन्ध सञ्चालकको अवधि बढीमा एक वर्ष सम्म थप गर्न सक्ने छ ।" भन्ने वाक्य थप गरिएको छ । | खुला प्रतिस्पर्धाबाट प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्ने सम्बन्धी कार्यविधि स्वीकृत भई पदपूर्ति गर्न समय लाग्ने भएकोले । |
| २. | <u>नियम ३६ उपनियम (१):</u> समितिले यो नियमावली संशोधन भएको मितिले १ वर्ष भित्र ऐन, कम्पनी प्रवन्धपत्र र नियमावलीको अधिनमा रही खुला प्रतिष्पर्धाबाट प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्नेछ । समितिले प्रमुख कार्यकारी अधिकृतको लागि एक कार्यविधि तर्जुमा गरी लागु गर्नेछ । सोही कार्यविधि वमोजिम छनोट भएको व्यक्तिलाई समितिले कम्पनीको प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्नु पर्ने छ । | <u>नियम ३६ उपनियम (१):</u> नियम ३६ (१) मा रहेको "संशोधन" भन्ने शब्दको सट्टा "(दोस्रो संशोधन)" भन्ने शब्दहरु राखिएको छ । सोही उपनियममा रहेको "......प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्नेछ ।" भन्ने वाक्य पछि "कुनै कारणवश सो अवधिभित्र प्रमुख कार्यकारी अधिकृत नियुक्ति हुन नसकेमा समितिले प्रमुख कार्यकारी अधिकृत नियुक्ति गर्ने अवधि बढीमा एक वर्ष थप गर्न सक्नेछ ।" भन्ने वाक्य थप गरी मिलाईएको छ । | खुला प्रतिस्पर्धाबाट प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्ने सम्बन्धी कार्यविधि स्वीकृत भई पदपूर्ति गर्न समय लाग्ने भएकोले । |